मुखियापट्टीमुसहरनियागाउँपालिका
MukhiyapattiMusaharniya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipality Executive
तुलसियाहीजब्दी, धनुषा
TulasiyahiJabdi, Dhanusha

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

## वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनःएकिकरण (REMI) परियोजना र वैदेशिक रोजगारीलाई सुरक्षित आप्रवासन (Sami) कार्यक्रमका लागि आवश्यक जनशक्तिहरु करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२६)**

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागी समाजिक तथा आर्थिक पुनःएकिकरण सम्बन्धी क्रियाकलापहरु संचालन गर्नका लागि (रेमी) परियोना र वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, उपलब्धी मुलक तथा मर्यादित बनाउन उद्देश्यले सुरक्षित आप्रवासन (Sami) कार्यक्रमकासञ्चालन गर्नका लागि जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/नाम | तह | आवश्यक संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२-०८३ | परिवारिक परामर्शकर्ता | छैठौं | १ | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड स्वास्थ्य शिक्षामा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्रेजुएट डिप्लोमा इन काउन्सेलिङ्ग वा हेल्थ असिसटेन्ट वा स्टाफ नर्स उतिर्ण गरि मनो समाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। |
| २ | ०२/२०८२-०८३ | समाजिक परिचालक (महिला) | पाँचौ | १ | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उतिर्ण गरेको हुनुपर्नेछ ।<br>(वैदेशिक रोजगारीबाट फर्केको लाई प्राथमिक्ता दिईनेछ ।) |
| ३ | ०३/२०८२-२०८३ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौ) | पाँचौ | १ जना (महिलालाई बिशेष ग्राहयता दिईने छ) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/ मनोविज्ञान/समाजशास्त्र/ सोसिएलवर्कमा स्नातक तह/ स्वास्थ्यशिक्षा बिषयमा स्नातकतह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीमकेन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>• कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email, Internet आदि भएको) नेपाली भाषामा<br>• प्रतिवेदन तयार गर्न सकने ।<br>**सामी कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ सो सरह उतिर्ण गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरि सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको । |
| ४ | ०४/२०८२-२०८३ | रिटर्नी स्वमसेवक (वैदेशिक रोजगारीबाट स्वदेश फर्की आएका) | श्रेणि विहिन | २ जना | • न्युनतमकक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडीमुलुक वा मलेसिया) मा गई कम्तिमा १ बर्ष काम गएको अनुभव भएको ।<br>• सुरक्षित वैदेशिक रोजगारिको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइने छ । |

१. **उमेरः** विज्ञापन नं.०१/२०८२-०८३ का लागि कम्तिमा २१ वर्ष पुरा ४० वर्ष ननाघेको र विज्ञापन नं. ०२/२०८२-०८३, ०३/२०८२-२०८३ र ०४/२०८२-२०८३ का लागि कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थानः**मुखियापट्टी मुसहरनिया गाँउकार्यपालिकाको कार्यालय, तुलसियाही जब्दी, धनुषा ।(कार्यालय समय भित्र) वा ईमेल ठेगाना mmrmmun@gmail.com मार्फत समेत आवेदन गर्न सकिने छ ।

३. **परिक्षाको किसिमः** लिखित तथा अन्तर्वार्ता ।

४. **छनौट प्रक्रियाः**प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, अन्तरवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिनेछ।अवसरबाट बन्चितिकरणमा परेका समुदाय खासगरि महिला, दलित, जनजाती, मधेसी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ ।

५. **दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म र सो दिन विदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको समय सम्म।

६. **आवेदन दस्तुरः** छैठौं तहका लागि रु.१५००/- , पाँचौ तहका लागि रु.१०००/- र श्रेणी विहिनका लागि रु.३००/- (आवेदन दस्तुर गाँउपालिकाको राजश्व शाखा वा प्रभु बैंक लि.को मुखियापट्टी शाखामा यस पालिकाको आन्तरिक राजस्व खाता नं. १४८०१३४५३१७००१४३ ग-१-१ मा बुझाउन सकिनेछ ।

७. **रिटर्नी स्वमसेवकको हकमाः**
यस स्थानीय तहको हुनुपर्ने,स्पष्ट पद सहित आवेदन फारम, राहदानीको प्रतिलिपि (वैदेशिक रोजगारमा जाँदा इमिग्रेशनले राहदानीमा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी , बैंक दाखिला गरेको सक्कल भौचर र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा स्पष्ट पद सहितको निवेदन यस गाँउपालिकामा पेश गर्नु पर्नेछ ।तोकिएको समयभन्दा पछि पर्न आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

८. **आवेदन तथा संलग्न गर्नुपर्नु कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

| | |
|---|---|
| क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी | ख) न्युनतम योग्यताको प्रमाण पत्र |
| ग) चरित्रिक प्रमाणपत्र | घ) अनुभव खुल्ने कागजातको प्रतिलिपी |
| ङ) दुई प्रति पासपोर्ट साइजको फोटो | च) बैंक दाखिला गरेको सक्कल भौचर |

९. **सेवा सुविधाः** बैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिका लागि पुनःएकिकरण(REMI) परियोजनाको आ.व.२०८२/०८३ को स्थानीय तहबाट संचालन हुने वार्षिक कार्यक्रम अनुसार र स्थानीय तहमासुरक्षित आप्रवासन कार्यक्रम संचालन वित्तीय मार्गदर्शन, २०८२ अनुसार हुनेछ ।

१०. **कार्य अबधि** :२०८३ असार मसान्त सम्म । तर आवश्यकता र कार्य सम्पादनको आधारमा नविकरण गर्न सकने छ ।

११. **कार्यक्षेत्रः** यस मुखियापट्टी मुसहरनिया गाँउपालिकाको क्षेत्र भित्र।

**नोटः**- आवेदनको ढाँचा यस कार्यालयको वेवसाइट **www.http://mukhiyapattimusaharmiyamun.gov.np**बाट डाउनलोड गर्न सकिनेछ । यस सम्बन्धी थप कुरो बुझ्नु परेमा यस कार्यालयको सम्पर्क नं. ९८१९८०८८३२ मासम्पर्क गर्नु होला।

**प्रमुख प्रशासकीय अधिकृत**